घरपझोङ गाउँपालिका

# गाउँ कार्यपालिकाको ५८औं बैठक

मिति २०७८।०२।१८

## निर्णयहरु

गाउँपालिका अध्यक्ष, दुई जना कार्यपालिका सदस्य र प्रमुख प्रशासकीय अधिकृत भौतिक रुपमा उपस्थित भई र अन्य ७ जना सदस्यहरु सूचना प्रविधिको प्रयोग गरी जुम (ZOOM) मार्फत सञ्चालन भएको ५८ औं कार्यपालिकाको बैठकमा पेश भएका प्रस्तावहरु उपर छलफल भई देहाय बमोजिमका निर्णयहरु सर्वसम्मत रुपमा गरिएको ।

१) मिति २०७७।१२।२६ गते बसेको कार्यपालिकाको बैठकमा भएको निर्णयहरुको कार्यान्वयनको अवस्थाको समिक्षा गरियो । उक्त बैठकमा भएको निर्णय नं. ३(३) र ४ बाहेक अन्य सबै निर्णयहरु कार्यान्वयन भएको पाईयो । कार्यान्वयन हुन बाँकि निर्णयलाई यथाशिघ्र कार्यान्वयनको प्रक्रियामा लैजानु पर्ने निर्णय गरियो ।

२) संघीय, युवा तथा लेखकुद मन्त्रालयबाट घरपझोङ गाउँपालिका ४ नं. वडा जोमसोममा निर्माणाधिन रहेको जोमसोम खेलग्रामको लागि चालु आ.ब.२०७७।७८ मा रु.२५ लाख प्राप्त भएको र उक्त योजनाको लागि यस घरपझोङ गाउँ कार्यपालिकाको कार्यालयबाट सम्पूरक बजेटको व्यवस्थापन गर्नु पर्ने भएको हुँदा उक्त जोमसोम खेलग्राम निर्माण योजनाको लागि सम्पूरक रकम रु.१०,७१,०००।- विनियोजन गर्ने ।

३) घरपझोङ गाउँपालिकाले आ.ब. २०७६।७७ मा सम्पादन गरेको कामको आधारमा स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि, २०७७ बमोजिम स्वमूल्याङ्कन सम्पन्न भई १०० पुणार्ङ्कमा ४५ अंक प्राप्त भएको नतिजा बैठकमा जानकारी भयो । स्वमूल्याङ्कनको नतिजा सन्तोषजनक नदेखिएकोले कमजोर सूचकहरुलाई प्राथमिकतामा राखी कार्यालयले यस तर्फ ठोस कदम चाल्नु पर्ने देखियो ।

४) कोभिड-१९ को विपद व्यवस्थापन गर्ने कार्यको सिलसिलामा खरिद गरिएको विभिन्न खाद्यन्न राहत सामाग्रीहरु बचत रहेकोले उक्त खाद्यन्न राहत सामाग्रीहरु आवश्यकता अनुसार वितरण गर्ने र मौज्दात रहने राहत सामाग्रीहरु नियमानुसार बिक्रि गरी आम्दानी बाध्ने ।

**<u>मौजदात रहेको खाद्यन्न सामाग्रीको विवरण :</u>**

१) चामल :- ४ बोरा (३० के.जी. प्रति बोरा) र ८ पोका (१५ के.जी. प्रति पोका)

२) नुन :- १६ के.जी.

३) दाल :- ४ के.जी.

५) कोभिड-१९ को संक्रमण छिटो रुपमा बढ्दै गईरहेको कारण संक्रमितलाई गाउँघर देखि जिल्ला अस्पताल सम्म ल्याउन र गम्भीर बिरामीलाई पोखरा सम्म लैजानका लागि तुरन्तै सवारी साधनको व्यवस्थापन गर्नु पर्ने भएकोले दररेट पेश गर्ने सम्बन्धी छोटो समयको सूचना प्रकाशनका आधारमा पर्न आएका ३ वटा दररेट मध्ये सबै भन्दा कम दररेट पेश गरेको घरपभ्कोङ गा.पा. ५ नं. वडा ठिनी निवासी श्री आईत थकाली सँग १ महिनाको लागि मासिक रु.१,६०,०००।- कर बाहेक भाडा तिर्ने गरी भाडामा लिएको जीपको भाडा दर समर्थन/अनुमोदन गर्ने ।

६) महालेखापरीक्षणबाट कायम भएको बेरुजु बार्षिक रुपमा बढ्दै गएको देखिएकोले उक्त बेरुजु फछ्र्यौटका लागि प्रमाण कागजात संकलन गर्ने, स्थलगत अध्ययन एवं जाँचबुझ गरी नियमित गर्ने प्रक्रियाको सहजीकरण गर्नका लागि तपसिल बमोजिमको बेरुजु सहजीकरण समिति गठन गर्ने ।

**तपसिल :-**

संयोजक : प्रमुख प्रशासकीय अधिकृत

सदस्य : सामान्य प्रशासन शाखा प्रमुख

सदस्य : आर्थिक प्रशासन शाखा प्रमुख

सदस्य : आ.ले.प. शाखा प्रमुख

उक्त समितिमा को.ले.नि.का.का प्रतिनिधि सहित आवश्यकता अनुसार सम्बन्धित शाखा प्रमुखलाई आमन्त्रण गर्न सकिने छ ।

७) घरपभ्कोङ गाउँपालिका अन्तर्गत तपसिलका समितिहरुको कार्यसञ्चालन कार्यविधिहरु स्वीकृत गर्ने निर्णय गरियो ।

**तपसिल :-**

क) घरपभ्कोङ गाउँपालिकाको अनुगमन तथा सुपरिवेक्षण समितिको कार्यसञ्चालन कार्यविधि, २०७८ ।

ख) घरपभ्कोङ गाउँपालिकाको बजेट तथा कार्यक्रम तर्जुमा समितिको कार्यसञ्चालन कार्यविधि, २०७८ ।

ग) घरपभ्कोङ गाउँपालिकाको स्थानीय राजश्व परामर्श समितिको कार्यसञ्चालन कार्यविधि, २०७८ ।

८) भूमि सम्बन्धी समस्या समाधान सहजीकरण समितिमा कार्यपालिकाका तपसिल बमोजिम सदस्यहरुलाई सदस्य मनोनित गर्ने ।

**तपसिल :-**

१) दलित महिला सदस्य : श्री फुलकुमारी विश्वकर्मा

२) महिला सदस्य : श्री जैकला विश्वकर्मा

९) नेपाली सेना उच्च शिखर शिक्षालयको जोमसोममा रहेको शिक्षालय सँगै उत्तर पट्टीको खाली पहरा जग्गा उक्त शिक्षालयको नाममा दर्ता गर्ने प्रयोजनका लागि सो जग्गामा विपद् व्यवस्थापनको लागि प्रयोग हुने वा नहुने राय माग गरेको हुँदा उक्त जग्गाको क्षेत्रफल यकिन नभएकोले ४ नं. वडा कार्यालयमा चार किल्लाको सीमाना खुलाई पठाईदिनु भनि पत्राचार भए अनुसार तपसिल बमोजिम क्षेत्रफल र सीमाना यकिन भएको पत्र प्राप्त भएको हुँदा सोही

क्षेत्रफलको भिरालो जग्गामा विपद् व्यवस्थापनको लागि प्रयोग नहुने व्यहोरा सिफारिस गरिदिने निर्णय गरियो ।

**तपसिल :-**

| सि.नं. | क्षेत्रफल | पुर्वमा रहेको कित्ता नं. | पश्चिममा रहेको कित्ता नं. | उत्तरमा रहेको कित्ता नं. | दक्षिणमा रहेको कित्ता नं. |
|---|---|---|---|---|---|
| १ | ४०० रोपनी | चरण क्षेत्र (तेजनिरला जनहित बहुमुखी क्याम्पस तिर फर्केको पाखो) | धपुको खोल्सा | धपु जाने बाटो तलको सानो धुपीको रुख भएको डाँडो | कि.नं. १३१ |

१०) घरपझोङ गाउँपालिका ४ नं. वडा जोमसोम निवासी श्री पूर्ण बहादुर नेपाली र श्री सोम बहादुर नेपालीको घरमा कालीगण्डकी नदी नियन्त्रणको क्रममा डोजरले खन्दा क्षति भएको भनी क्षतिपूर्तिको लागि निवेदन दिएकोले विपद् व्यवस्थापन कोषबाट प्रति परिवार रु.१५,०००।- को दरले क्षतिपुर्ति उपलब्ध गराउने । साथै कोभिड-१९ को व्यवस्थापन गर्ने क्रममा खरिद भएको खाद्यन्न राहतबाट मौजदात रहेको खाद्यन्न सामाग्री तपसिल बमोजिम उपलब्ध गराउने निर्णय गरियो ।

**तपसिल :-**

| सि.नं. | नाम, थर | राहत सामाग्री | | | कैफियत |
|---|---|---|---|---|---|
| | | चामल | नुन | दाल | |
| १ | श्री पूर्ण बहादुर नेपाली | ४ पोका (१५ के.जी x ४ पोका) | ४ के.जी. | २ के.जी. | |
| २ | श्री सोम बहादुर नेपाली | ४ पोका (१५ के.जी x ४ पोका) | ४ के.जी. | २ के.जी. | |

११) आ.ब. २०७८।७९ को लागि बार्षिक योजना तर्जुमा गर्ने सम्बन्धमा हालको कोभिड-१९को संक्रमणको अवस्था तथा स्वास्थ्यको मापदण्डलाई मध्येनजर गर्दै पर्यटन, कृषि, पशु पालन विकास लगायतका योजनाहरुलाई विशेष प्राथमिकतामा राखी वडा स्तरीय बार्षिक योजना तथा कार्यक्रमहरु प्रस्ताव गरी पठाउनका लागि ५ वटै वडा कार्यालयहरुले आवश्यक व्यवस्था मिलाउने निर्णय गरियो ।

१२) कोभिड-१९ को संक्रमणको नियन्त्रणको लागि लक्षण देखिएको व्यक्तिहरुको कोभिड-१९ को परिक्षण, संक्रमितहरुका लागि आवश्यक औषधी र अक्सीजन व्यवस्थापन, परीक्षण किट खरिद, आईसोलेसन कक्ष व्यवस्थापन, कन्ट्याक ट्रेसिङ, होम आईसोलेसनमा बसेका संक्रमितको नियमित अनुगमन गर्ने कार्यको लागि स्वास्थ्य कर्मचारीहरु फिल्डमा खटिएको समयको दैनिक भ्रमण लगायत आतेजाते र खाना तथा खाजा खर्च साथै कोभिड-१९ व्यवस्थापनको लागि तुरन्तै खरिद गर्नु पर्ने स्वास्थ्य सामाग्रीहरु प्रचलित कानून बमोजिम कार्यालयले खरिद गर्ने र लगतै बस्ने गाउँ कार्यपालिकाको बैठकमा अनुमोदनका लागि पेश गर्ने निर्णय गरियो । साथै कोभिड-१९ सम्बन्धी खर्चहरु कोभिड-१९ व्यवस्थापनको लागि व्यवस्था भएको कोषबाट गर्ने ।

१३) कोभिड-१९ बाट मृत्यु भएका परिवारलाई राहत उपलब्ध गराउने सम्बन्धी कार्यविधि तयार गरी स्वास्थ्य शाखाले पेश गर्ने ।

१४) कोभिड-१९ को संक्रमण व्यवस्थापन अवधिभर खटिएका यस गाउँपालिका अन्तर्गतका स्वास्थ्य कर्मीहरु र गाउँपालिकाका कर्मचारीहरुलाई खटिएको प्रमाणित अभिलेखको आधारमा नेपाल सरकारले तोकिए बमोजिमको जोखिम भत्ता उपलब्ध गराउने ।

१५) चालु आ.ब. २०७७।७८ को गरिबी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम अन्तर्गत विनियोजित अति गरीब परिवारका लागि कम्तीमा १० जना विपन्न परिवारका लागि हुने गरी साझा सुविधा केन्द्रको स्थापनाको लागि विनियोजित बजेट रु.५,००,०००।- बाट जोमसोम स्थित आर.सी.सी. पुल नजिक रहेको वज्रदल गणबाट निर्मित सार्वजनिक शौचालय नजिक उक्त साझा सुविधा केन्द्र (उद्यम घर) स्थापना गर्ने ।

१६) कोभिड-१९ को संक्रमण व्यवस्थापनमा सहयोग हुने स्वास्थ्य सामाग्री उपलब्ध गराउने तपसिलका व्यक्ति तथा संघ संस्थाहरुलाई धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो ।

**तपसिल :-**

| सि.नं. | व्यक्ति वा संस्थाको नाम | ठेगाना | उपलब्ध गराईएको स्वास्थ्य सामाग्रीहरु | कैफियत |
|---|---|---|---|---|
| १ | नि.वर्तमान माननीय प्रेम प्रसाद तुलाचन मार्फत | थासाङ गा.पा., लेते | २ वटा ४७ के.जीको अक्सिजन सिलिण्डर र अन्य स्वास्थ्य सामाग्रीहरु | |
| २ | दिगो तथा उत्थानशील समाजका लागि हिमाली पहल | घरपझोङ | ५० थान COVID-19 Antigen Test Kit | |

१७) घरपझोङ गाउँपालिका ३ नं. वडा जोमसोम एयरपोर्ट पुथाङमा कार्यालयले भाडामा लगाएको भवन तथा कोठाहरु भाडामा लिई बस्ने व्यक्तिहरु १) श्री लिला लामिछाने, २) श्री बलदेवी फगामी, ३) श्री रनमाया विश्वकर्मा, ४) श्री रामलाल विश्वकर्मा, ५) श्री भिममाया वि.क., ६) श्री निर्मला वि.क., ७) भरत मगर र ८) श्री बुद्धिमाया गुरुङले हालको लकडाउनका कारण व्यापार व्यवसायमा असर परेकोले घर/कोठा भाडा तिर्न समस्या भएको कारण देखाई भाडा छुटका लागि निवेदन दिएकोले निजहरुको निवेदन उपर राजश्व परामर्श समितिले अध्ययन गरी पेश गर्ने ।

१८) यस गाउँपालिका अन्तर्गत विभिन्न वडा तथा बस्तीहरुमा रहेको बिजुलीको वितरण लाईनलाई ABC Cable मा परिवर्तन गर्न र वडाहरुका लाीग केही बिजुलीको पोलहरु समेत आवश्यक रहेको हुँदा सहयोग गरिदिनु हुनका लागि नेपाल विद्युत प्राधिकरण, काठमाण्डौलाई अनुरोध गर्ने निर्णय गरियो ।

१९) यस गाउँपालिका अन्तर्गत विभिन्न वडाहरुमा कोभिड-१९ संक्रमण तिव्र रुपमा फैलिरहेको देखिएकोले संक्रमणको जोखिमलाई न्युनिकरण र रोकथाम गर्नको लागि ५ वटै वडाहरुमा जोखिम समुदायहरुको यकिन गरी नमुना संकलन गर्ने र कोभिड-१९ एन्टिजेन किटबाट नमुना परीक्षण गर्ने निर्णय गरियो ।